जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्याः२ प्रमाणिकरणः २०७६।०३।३१

प्रकाशन मितिः २०७६।०३।३१

## भाग–१

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिका, बर्दियाको विनियोजन ऐन, २०७६

**प्रस्तावनाः** ठाकुरबाबा नगरपालिका, बर्दियाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ठाकुरबाबा नगरपालिका, बर्दियाको नगर सभाले यो ऐन बनाएको छ ।

ठाकुरबाबा नगरपालिका, बर्दियाको विनियोजन ऐन, २०७६

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ठाकुरबाबा नगरपालिका, बर्दियाको **"विनियोजन ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयतग शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालु खर्च, पूजीँगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६८,९८,७९,००० (अक्षरुपी अठसठ्ठी करोड अन्ठानब्बे लाख उनासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७६।०७७ को निमित्त ठाकुरबाबा नगरपालिका, बर्दियाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकमा जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चाल तथा पूजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकमा जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

आज्ञाले

चेत प्रसाद उप्रेती

प्रमुख प्रशासकीय अधिकृत